**आमचोक गाउँपालिका, बालंखा, भोजपुरद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

**खण्डः ७ संख्याः ३**

**गाउँसभाले स्वीकृत मितिः २०८०/०३/२७**

**भाग – १**

**आमचोक गाउँपालिका**

# आमचोक गाउँपालिकाको चिया कफि विकास ऐन २०८०

**प्रमाणीकरण गर्ने**

**अशोक राई**

**अध्यक्ष**

**प्रमाणीकरण मितिः २०८०/०३/२७**

## आमचोक चिया तथा कफी विकास ऐन, २०८०

**प्रस्तावनाः** आमचोक गाउँपालिका क्षेत्र भित्र स्थानीय जनताका साथै गाउँपालिकाको आयस्तर वृद्धि गर्ने उद्देश्यले उच्च गुणस्तरको चिया तथा कफी उत्पादन गर्ने, आधुनिक प्रविधिको प्रयोगद्वारा चिया तथा कफी खेती गर्न र प्रशोधन गर्न, बजार व्यवस्थापन तथा निकासी गर्नका लागि ठोस नीति निर्माण गरी चिया तथा कफी उद्योगको योजनावद्ध रुपमा विकास गर्न चिया तथा कफी व्यवस्थापन समिति स्थापना गरी सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत **चिया तथा कफी उत्पादन, विस्तार प्रवर्द्धन एवं विकास सम्बन्धमा व्यवस्थापन गर्न** बाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम आमचोक गाउँपालिकाको चौधौं गाउँ सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आमचोक चिया तथा कफी विकास ऐन, २०८०" रहेको छ।

(२) यो ऐन आमचोक गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नालगेमा यस ऐनमा-

**(क) "गाउँपालिका"** भन्नाले आमचोक गाउँपालिकालाई जनाउँछ।

**(ख) "गाउँ कार्यपालिका"** भन्नाले आमचोक गाउँ कार्यपालिका सम्झनु पर्छ।

**(ग) "चिया तथा कफी विकास संस्था"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको आमचोक चिया तथा कफी विकास संस्थालाई जनाउँछ।

**(घ) "संस्था"** भन्नाले यस ऐन बमोजिम स्थापना भएको चिया तथा कफी विकास संस्था सम्झनु पर्दछ।

**(ङ) "समिति"** भन्नाले दफा ८ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्दछ।

**(च) "सदस्य"** भन्नाले कार्यकारी समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य सचिवलाई समेत जनाउनेछ।

**(छ) "कार्यकारी निर्देशक"** भन्नाले दफा १२ बमोजिम नियुक्त भएको वा तोकिएको कार्यकारी निर्देशक सम्झनु पर्छ।

**(ज) "प्रशोधन"** भन्नाले चियाको हरियो पत्ति तथा कफीको दानालाई यान्त्रिक प्रक्रियाद्वारा प्रशोधन गरिने कार्य सम्झनु पर्छ।

**(झ) "तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

**(ञ) "उत्पादक"** भन्नाले चिया वा कफी उत्पादन गर्ने व्यवसायी सम्झनु पर्छ।

**(ट) "योजना"** भन्नाले यस ऐन बमोजिम तर्जुमा तथा सञ्चालन गरिएको चिया तथा कफी विकास योजनालाई सम्झनु पर्छ।

**(ठ) "साधारण सभा"** भन्नाले यस ऐन बमोजिम चिया तथा कफी विकास संस्थाले आव्हान गरेको साधारण सभालाई जनाउनेछ।

## परिच्छेद-२

## चिया तथा कफी विकास संस्था सम्बन्धी व्यवस्था

**३. चिया तथा कफी विकास संस्थाः** आमचोक गाउँपालिका तथा आसपास क्षेत्रमा चिया तथा कफी खेती तथा उद्योगको विकास सम्बन्धी योजनाहरु तर्जुमा गरी यस क्षेत्रमा संचालित चिया तथा कफी उद्योगलाई सुव्यवस्थित एवं प्रभावकारी ढंगबाट अझ बढी सवल तुल्याउन गाउँपालिकाले आमचोक चिया तथा कफी विकास संस्था स्थापना गर्नेछ।

**४. चिया तथा कफी विकास संस्था सङ्गठित संस्था हुनेः** (१) चिया तथा कफी विकास संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) संस्थाको काम कारवाहीको निमित्त तोकिए बमोजिम आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य प्रकारले व्यवस्था गर्न सक्नेछ।

(४) व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) चिया तथा कफी विकास संस्थाले यस ऐन संग नवाझिने गरि विनियमावली तयारी गर्नेछ ।

(६) संस्थाले स्थाई लेखा नम्वर लिई वा कम्पनी रजिस्टरको कार्यालयमा दर्ता गरी व्यावसायिक कारोवार गर्न सक्नेछ।

**५. संस्थाको कार्यालयः** (१) संस्थाको मुख्य कार्यालय आमचोक गाउँपालिकाको सदरमुकाम बालंखा वा समितिले तोकेको उपयुक्त स्थानमा रहनेछ।

(२) संस्थाले आवश्यकता अनुसार आमचोक गाउँपालिका भित्र शाखा कार्यालयहरु खोल्ने सक्नेछ।

(३) आवश्यत्ता अनुसार अन।य पालिकाको क्षेत्रमा पनि सम्बन्धी पालिका संग समन्वयन गरी शाखा कार्यालय वा सम्पर्क कार्यालय वा अन्य प्रयोजनार्थ कार्यालय स्थापना गर्न सक्नेछ।

**६. संस्थाको उद्देश्यः** संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) चिया तथा कफी खेती तथा उद्योगको विकासको लागि उत्पादन, प्रशोधन, बजार व्यवस्थापन तथा निकासी पैठारी सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने।

(ख) वातावरणिय सुन्दरताको विकास संगै रोजगारी तथा पर्यटन विकास पर्वद्दन गरी आर्थिक वृद्धी गर्ने।

(ग) चिया तथा कफी खेती तथा उद्योगको विकासमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउने।

(घ) चिया तथा कफी खेती र चिया तथा कफी प्रशोधनका लागि आवश्यक पर्ने सामाग्रीहरुको आपूर्तिको व्यवस्था गर्ने गराउने।

(ङ) चिया तथा कफी उद्योगको विकासका लागि तालिम एवं अनुसन्धान केन्द्र स्थापना गरी चिया तथा कफी उद्योगमा कार्यरत व्यक्तिहरुलाई आधुनिक प्राविधिक ज्ञान, प्रशिक्षण र प्राविधिक सहयोग उपलब्ध गराउने।

(च) चिया तथा कफी उद्योगको क्षेत्रमा कार्यरत संस्थाहरुसँग समन्वय गर्ने ।

(छ) आमचोक गाउँपालिका क्षेत्रमा रहेको सार्वजनिक प्रति चौर जमिन तथा नीजी वाझो जमिनमा चिया खेतीको विकास गरी आर्थिक वृद्धी, रोजगारी र पर्यटन प्रवर्दन गर्ने।

**७. संस्थाको काम, कर्तव्य र अधिकारः** संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आमचोक गाउँपालिका क्षेत्रमा चिया तथा कफी खेतीको विस्तार तथा विकास गराउने चिया तथा कफी उद्योगको स्थापना, सुधार, प्रवर्द्धन तथा संरक्षण गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) चिया तथा कफी खेतीको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरु तयार पारी सो को कार्यान्वयन गर्ने, गराउने,

(ग) चिया तथा कफी खेती गर्न आवश्यक पर्ने वीउ, बेर्ना, रासायनिक मल, किटनाशक औषधी, औजार, इन्धन, प्राविधिक सेवा आदिको आपूर्तिको व्यवस्था गर्ने, गराउने,

(घ) चिया तथा कफी लगाउन उपयुक्त सरकारी ऐलानी जग्गाहरु नेपाल सरकारबाट उपलब्ध गरी चिया तथा कफी लगाउने वा लिजमा दिई चिया तथा कफी खेती गर्ने,

(ङ) व्यत्तिको नीजि जमिन खरीद गरी वा करार सम्झौता गरी चिया कफी खेति गर्ने।

(च) चिया तथा कफी बजार व्यवस्थालाई विकास गर्न समय समयमा बजार सर्भेक्षण गरी उपभोक्ताले रुचाएका चिया तथा कफीको ग्रेड र किसिम आदि एकिन गर्ने र चिया तथा कफीको गुणस्तर निर्धारण गर्ने, गराउने,

(छ) चिया तथा कफी उद्योगमा कार्यरत व्यक्ति वा संस्थाहरुलाई प्राविधिक ज्ञान, प्रशिक्षण, तथा प्राविधिक सहयोग प्रदान गर्न तालिम तथा अनुसन्धान केन्द्र स्थापना गर्ने, गराउने,

(ज) चिया तथा कफी उद्योगमा संलग्न व्यक्तिहरुको सीप विकासको लागि निजहरुलाई आवश्यक तालिम, सेमिनार आदिको आवश्यक व्यवस्था गर्ने, गराउने,

(झ) चिया तथा कफी उद्योगको विकासका लागि सरकारी तथा निजी क्षेत्रहरुमा भइरहेका प्रयासहरुलाई समन्वय गर्ने, गराउने,

(ञ) चिया तथा कफीको लेवलिङ्ग गर्ने, ब्रान्ड नाम दिने बजारीकरण गर्ने र निर्यात गर्ने,

(ट) चिया तथा कफी उद्योगसँग सम्बन्धित व्यवस्थापन र मजदुर बीच समझदारी वृद्धि गर्न गराउनका लागि आवश्यक कार्य गर्ने, गराउने,

(ठ) चिया तथा कफी उद्योगहरुमा व्यवस्थापन सुधार गर्नका लागि आवश्यक कार्य गर्ने, गराउने,

(ङ) नेपाल सरकारको स्वीकृति लिई चिया तथा कफीमा सेवा शुल्क लगाउने,

(ढ) चिया तथा कफी उद्योगको विकाससँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने, गराउने ।

**८. कार्यकारी समितिको गठनः** (१) संस्थाको कार्य सञ्चालनको निमित्त देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछः-

(क) गाउँपालिकाकाको अध्यक्ष- अध्यक्ष

(ख) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(ग) गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक -सदस्य

(घ) गाउँपालिकाले मनोनयन गरेको सम्बन्धित विषय विज्ञ दुई जना-सदस्य

(ङ) निजी लगानीकर्ताहरु मध्येबाट लगानी कर्ताहरुको भेला साधारण सभाबाट निर्वाचित व्यक्तिहरु ५ जना- सदस्य

(च) गाउँ कार्यपालिकाले तोकेको १ दलित सहित २ जना महिला-सदस्य

(छ) चिया तथा कफी विकास संस्थाको कार्यकारी निर्देशक -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समिति गठन भएपछि समितिले चिया तथा कफी उद्योगमा कार्यरत मजदुरहरु मध्येबाट एक जना व्यक्तिलाई दुई बर्षको लागि समितिको सदस्यमा मनोनित गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिमा मनोनित सदस्यको पदावधि दुई बर्षको हुनेछ र निज पुनः मनोनित हुन सक्नेछ।
(४) उपदपा (२) वमोजिम मनोतिन सदस्य वाहेक अन्य पदाधिकारी हरुको पदावधी ४ वर्ष रहनेछ।

**९. समितिको बैठकः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बर्षको कम्तीमा तीन पटक बस्नेछ।
(२) समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।
(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।
(४) समितिको निर्णय अध्यक्ष र सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।
(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।
(६) अध्यक्ष लामो समय अनुपस्थित हुने अवस्थामा अध्यक्षले सदस्य मध्य कोही १ जनालाफ नीमित्त अध्यक्ष तोक्न सक्नेछ।

**१०. समितिको काम, कर्तव्य र अधिकारः** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही चिया तथा कफी विकास संस्थाले गर्नुपर्ने सम्पूर्ण काम कारवाही गर्नु, अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ।
(२) समितिले यस ऐन बमोजिम आफुलाई प्राप्त अधिकारहरु मध्ये सबै वा केही अधिकार आवश्यकता अनुसार कुनै सदस्य वा दफा ११ बमोजिमको उपसमिति वा संस्थाको कुनै अधिकृत कर्मचारीलाई सुम्पन सक्नेछ।

**११. उपसमिति गठन गर्न सक्नेः** (१) समितिले आफ्नो कार्य संचालनको लागि आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ।
(२) उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

**१२. कार्यकारी निर्देशकः** (१) चिया तथा कफी विकास संस्थाको प्रशासकीय प्रमुखको रुपमा एक कार्यकारी निर्देशक रहनेछ।
(२) गाउँ कार्यपालिकाले कार्यकारी निर्देशक पदमा उपयुक्त व्यक्तिलाई नियुक्ति गर्न वा तोक्न सक्नेछ।
(३) कार्यकारी निर्देशकको पदावधि चार बर्षको हुनेछ र निज पुनः बढीमा चार बर्षका लागि नियुक्त हुन वा तोकिन सक्नेछ।
(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।
(५) अर्थ सम्वन्धी अन्य व्यवस्था चिया तथा कफि विकास संस्थाको आर्थिक प्रशासन नियमावली वमोजिम हुनेछ ।

**१३. चिया तथा कफी विकास संस्थाको कर्मचारीः** (१) संस्थाले आफ्नो कार्य सञ्चालनको निमित्त आवश्यक कर्मचारीहरु चिया तथा कफि विकास संस्थाको कर्मचारी प्रशासन नियमावली बमोजिम नियुक्त गर्न सक्नेछ।
(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था कर्मचारी प्रशासन नियमावलीमा तोकिए बमोजिम हुनेछ।
(३) कर्मचारी सम्वन्धी अन्य आवश्यक व्यवस्थाको लागि चिया तथा कफि विकास संस्थाको कर्मचारी प्रशासन नियमावली वमोजिम हुनेछ ।

**१४. निर्वाचन समिति सम्बन्धी व्यवस्थाः** (१) साधारण सभाले १ निर्वाचन समिति गठन गर्नेछ।
(२) निर्वाचन समितिले प्रत्यक वर्ष रिक्त पदहरुमा निर्वाचन वा सर्वसहमती को माध्यमवाट समितिको पुर्णता दिनेछ।

(३) मतदान नामवली प्रकाशन गरिनेछ।

(४) अनूसुची १ अनुसार मनोनयन आवेदन फारम भर्ने।

(५) सर्वसहमती नभए निर्वाचन गराईनेछ।

(६) यो व्यवस्था दफा ८ को उपदफा १ (ङ) संघ मात्रा सम्बन्धित रहेनेछ।

(७) साधारण सभामा सर्वसहमत रुपमा चुनावी प्रतिश्पर्धा नगरी समिति गठन हुने अवस्थालाई मान्य मानिनेछ।

**१५. साधारण सभा सम्बन्धी व्यवस्थाः** (१) कृषी फर्मको वर्षमा एक पटक साधारण सभआ हुनेछ।

(२) सात दिन अगाडी साधारण सभाको सूचना जारी गर्नु पर्नेछ।

(३) साधारण सभाले वार्षिक कार्ययोजना र वार्षिक वजेट पारित गरेर गाउँपालिकामा पेश गर्नेछ।

(४) साधारण सभावाट विविध कारण दफा ८ अनुसारको पदाधिकारीहरुको पध रीक्त भए पदपूर्ती गर्न सर्वसहमती वा निर्वाचन मार्फत हुनेछ।

(५) साधारण सभाले लेखा परिक्षण प्रतिवेदन प्रस्तुत तथा छलफल भई पारित गर्नेछ।

(६) साधारण सभाले गर्नु पर्ने अन्य कार्य गरिनेछ।

(७) साधारण सभामा गाउँपालिकाको तर्फवाट गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कृषी शाखा लगायत निर्देशक समिति र अनुगमन समितिका पदाधिकारी तथा सदस्यहरु उपस्थित हुनेछ।

## परिच्छेद-३

## चिया तथा कफी विकास संस्थाको कोष सम्बन्धी व्यवस्था

**१६. चिया तथा कफी विकास संस्थाको कोषः** (१) संस्थाको एउटा छुट्टै कोष हुनेछ।

(२) संस्थाको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछनः-

(क) गाउँपालिकाले विनियोजन गरेको एकाउन्न प्रतिशत शेयर रकम,

(ख) अन्य शेयर सदस्यहरुबाट प्राप्त उनन्चास प्रतिशत शेयर रकम,

(ग) नेपाल सरकारबाट प्राप्त रकम,

(घ) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट प्राप्त रकम,

(ङ) चिया तथा कफी खेती र प्रशोधन सम्बन्धी परामर्श सेवा वापत प्राप्त हुने रकम,

(च) चिया तथा कफीमा लगाइएको सेवा शुल्कबाट प्राप्त रकम,

(छ) चिया तथा कफी विक्री वितरणवाट प्राप्त रकम।

(ज) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट अनुदान रकम लिदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) संस्थालाई प्राप्त हुने सबै रकम गाउँपालिका भित्र रहेको राष्ट्र वैंकद्वारा मान्यता प्राप्त बैंकमा खाता खोली जम्मा गरिनेछ। कार्यकारी निर्देशक र समितिको लेखा प्रमुख वा लेखा सम्बन्धी जिम्मेवार प्राप्त व्यक्तिको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ।

(५) संस्थाद्वारा गर्नुपर्ने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

## परिच्छेद-४

## लगानी सम्बन्धमा सार्वजनिक निजी साझेदारी सम्बन्धी व्यवस्था

**१७. सार्वजनिक निजी साझेदारी नीतिः** (१) चिया तथा कफी विकास योजना सञ्चालनको लागि सार्वजनिक सामुदायिक र निजी साझेदारीको अवधारणा अवलम्बन गरिनेछ।

(२) योजनामा लगानी गर्दा सार्वजनिक निजी साझेदारी नीति, २०७२ को दफा ११.४ को उपदफा (८) मा भएको व्यवस्थालाई अङ्गिकार गरिनेछ।

(३) योजना सञ्चालन गर्न गाउँपालिकाले परिच्छेद दुई बमोजिम स्थापना गरेको चिया तथा कफी विकास संस्था मार्फत गाउँपालिकाको शेयर लगानी, विनियोजन गरेको रकम, नागरिक तथा अन्य लगानीकर्ताले गरेको शेयर लगानीको रकम र अन्य स्रोतबाट प्राप्त रकम प्रयोग गरिनेछ।

(४) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृसंस्थाद्वारा प्राप्त सहयोग, अनुदान समेतलाई निजी साझेदारी नीति अन्तर्गत संघीय कानून बमोजिम लगानी गरिनेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि योजना सञ्चालन गर्न बढी लागत वा विशिष्टिकृत प्राविधिक क्षमता आवश्यक पर्ने जनशक्तिको अभावको कारण सो कार्य सम्पन्न गर्न नसक्ने भएमा सो सम्बन्धी प्रतिवेदन गाउँपालिका समक्ष पेश गरी गाउँपालिकाले प्रदेश सरकार तथा नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

## परिच्छेद-५

## शेयर लगानी सम्बन्धी व्यवस्था

**१८. शेयर लगानी सम्बन्धमाः** (१) चिया तथा कफी विकास योजना कार्यान्वयन गर्नका लागि सार्वजनिक निजी साझेदारी नीति अन्तर्गत गाउँपालिकाको एकाउन्न प्रतिशत शेयर रहने र आवश्यकता अनुसार थप रकम विनियोजन गर्न सकिनेछ।

(२) स्थानीय नेपाली नागरिकलाई प्रति व्यक्ति रु. दश हजार देखि पाँच लाख रुपैंयासम्मको शेयर खरिद गर्ने सुविधा प्रदान गरिनेछ।

(३) कुनै पनि संस्था वा कम्पनी यस संस्थाको शेयर सदस्य बन्न सक्नेछ।

(४) कुनै नागरिकले उपदफा (२) बमोजिमको शेयर खरिद गर्दा आयश्रोत खुलाउनु पर्नेछ।

(५) प्रति एक शेयरको मूल्य १०० रहनेछ।

(६) संस्थाको शेयर मूल्यको मूल्याङ्कन हुनेछ।

**१९. शेयर विक्री तथा हस्तान्तरणः** (१) योजना संचालनमा आएपछि चिया तथा कफी विकास संस्थाले लेखा परिक्षक नियुक्त गरी संस्थाको वार्षिक आय व्ययको लेखा परिक्षण गराई वार्षिक साधारण सभाबाट पारित गराउनु पर्नेछ।

(२) वार्षिक साधारण सभाबाट पारित भएको खुद मुनाफा मध्ये पच्चीस प्रतिशत गाउँपालिकालाई, पैतिस प्रतिशत संस्थागत विकास र चिया कफि विकासमा छुट्याई बाँकी मुनाफा शेयर सदस्यहरुलाई वितरण गरिनेछ।

(३) उपदफा २ बमोजिम मुनाफा वितरण गर्दा शेयर सदस्यको शेयर लगानीको आधारमा औषत अंक कायम गरी सोही दरले लाभांश वितरण गरिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम लाभांश वितरण भएपछि शेयर सदस्यले आफ्नो शेयर बेचबिखन तथा हक हस्तान्तरण गर्न पाउनेछ।

**२०. दायित्व सीमित हुनेः** यस ऐन बमोजिम स्थापित संस्थाको कारोवार सम्बन्धमा शेयर धनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

**२१. शेयर सम्बन्धी अन्य व्यवस्थाः** शेयर लगानी सम्बन्धी अन्य व्यवस्था यस ऐन बमोजिम निर्मित नियममा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## कार्यक्षेत्र सम्बन्धी व्यवस्था

**२२. चिया तथा कफी विकास कार्यक्षेत्र सम्बन्धमाः** (१) चिया तथा कफी खेतीका लागि गाउँपालिकाको उचित सार्वजनिक प्रति जमिन उपयोगमा ल्याइनेछ जसको लागि गाउँपालिका संग समन्वय गरिनेछ।

(२) गाउँपालिका क्षेत्र भित्र उपलब्ध हुने सार्वजनिक जमिन, खर्क वा बाँझो जमिनलाई चिया तथा कफी क्षेत्र तोकि प्रयोगमा ल्याउन सकिनेछ।

(३) गाउँपालिका भित्र रहेका चिया तथा कफी खेतीयोग्य निजी, ऐलानी, गुठीका जमिन, बाँझो पर्ति, नदि उकास तथा अन्य सार्वजनिक तथा खाली जग्गालाई आवश्यक कानूनी प्रक्रिया पुरा गरी प्रयोगमा ल्याइनेछ।

(४) यस दफा बमोजिम जमिन उपयोग वा प्रयोगमा ल्याउँदा प्रचलित कानून बमोजिम करार, सम्झौता वा अनुमति लिनु पर्नेमा सम्बन्धित निकायबाट अनुमति लिई वा प्रचलित कानून बमोजिम कानूनी प्रक्रिया पुरा गर्नुपर्नेमा सो प्रक्रिया पुरा गरी प्रयोगमा ल्याउनु पर्नेछ।

(५) गाउँपालिकाले आवश्यकता अनुसार छिमेकी पालिकाहरुसँग पनि आपसी सम्झौता गरी चिया तथा कफी खेती विस्तारको लागि उचित जमिन प्रयोग गर्न सक्नेछ।

(६) निजी जमिन वा कसैको स्वामित्वमा रहेको जमिन खरिद वा करार सम्झौता गरी चिया तथा कफि खेति विस्तार गर्न सकिनेछ।

## परिच्छेद-७

## विधिध

**२३. चिया तथा कफी विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनः** गाउँपालिकाले चिया तथा कफी विकास संस्था र सरोकारवाला निकाय तथा संघ संस्थाहरुसँग समन्वय, सहकार्य तथा परामर्श गरी आफ्नो क्षेत्रका लागि उपयुक्त हुने चिया तथा कफी विकास योजना तर्जुमा गरी चिया तथा कफी विकास संस्था मार्फत कार्यान्वयन गराउन सक्नेछ।

**२४. विवरण उपलब्ध गराउनेः** गाउँपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत वा सिधै देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा र आवश्यकता अनुसार उपलब्ध गराउने छ।

(क) यस ऐन बमोजिम स्थापना भएको चिया तथा कफी विकास संस्थाको कार्य सम्पादन र सोबाट लाभान्वित जनसंख्या,

(ख) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु।

**२५. पुरस्कार सम्बन्धी व्यवस्थाः** चिया तथा कफी विकास सम्बन्धी योजना कार्यान्वयनमा उल्लेखनिय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

**२६. निर्देशन दिन सक्नेः** गाउँपालिकाले चिया तथा कफी विकास संस्थालाई चिया तथा कफी विकास सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**२७. नियम निर्देशिका, कार्यविधि र मार्ग दर्शन बनाउन सक्नेः** यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाले यस ऐन र प्रचलित कानूनको अधिनमा रही आवश्यक नियमावली, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ।

**२८. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित नेपाल सरकारको कानून बमोजिम हुनेछ।

**२९. बचाउ र खारेजीः** (१) यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भए गरिएका कार्यहरु यसै ऐन बमोजिम भए गरिएको मानिनेछ।

(२) गाउँपालिकाले चिया तथा कफी विकास सम्बन्धी विषयमा यस अघि गरेका सम्पूर्ण निर्णयहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) आमचोक चिया तथा कफी विकास ऐन, २०७४ खारेज गरिएको छ।

**अनुसूचिहरु**

**अनुसूची – १**

दफा १४ (४) सँग सम्बन्धित

उमेद्वारको मनोनयन आवेदन फारम

श्री संयोजक ज्यू,
निर्वाचन समिति,
आमचोक चिया कफि विकास संस्था।

महोदय,

यस आमचोक गाउँपालिकाको चिया कफि विकास संस्थाको मिति ................................ गते हुने विशेष/वार्षिक साधारण सभामा शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधित्व गर्ने गरी सञ्चालक समितिको .................. पदको लागी निर्वाचनमा म प्रचलित कानून तथा ऐनमा उल्लेखित व्यवस्था वमोजिम म उमेद्वार हुन योग्य रहेकोले यो मनोनयन पत्र दाखीला गरेको छु। मेरो प्रस्तावक र समर्थक निम्न अनुसार छन्।

**उमेद्वारको विवरणः**

१. नाम, थरः उमेरः लिङ्गः
२. ठेगानाः
३. पिताको नाम र थरः
४. मतदाता नामवलीमा क्र. सं.
५. शेयर प्रमाणपत्र नं.
६. शेयरधनी परिचय (हितग्राही खाता) नं. दस्तखतः

**प्रस्तावकको विवरणः**

श्री ....................................................................... लाई शेयर सदस्यहरुको तर्फवाट प्रतिनिधित्व गर्न सञ्चालक समितिको ................ पदको उमेद्वारको लागी म प्रस्तावक गर्दछु।

१. नाम, थरः उमेरः लिङ्गः
२. ठेगानाः
३. पिताको नाम र थरः
४. मतदाता नामवलीमा क्र. सं.
५. शेयर प्रमाणपत्र नं. प्रस्तावकको दस्तखतः
६. शेयरधनी परिचय (हितग्राही खाता) नं.

**समर्थकको विवरणः**

प्रस्तावक श्री .................................................................. ले माथी उल्लेख गरे बमोजिम शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक समितिको ................... पदको निर्वाचनको लागि श्री ..................................................... लाई उमेद्वार मनोनयन गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु।

१. नाम, थरः उमेरः लिङ्गः
२. ठेगानाः
३. पिताको नाम र थरः
४. मतदाता नामवलीमा क्र. सं.
५. शेयर प्रमाणपत्र नं. समर्थकको दस्तखतः
६. शेयरधनी परिचय (हितग्राही खाता) नं.

निर्वाचन संयोजकले भर्ने

यो मनोनयन मिति ............................................................ को दिनको ..................... बजे मनोनित उमेद्वार/मनोनित उमेद्वारको वारेस श्री ................................................................. ले मेरा समक्ष दाखिला गरेको हो।

मितिः ................................

(निर्वाचन संयोजक)